बैठक संख्या -८०

आज मिति २०८०।०५।१९ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

बैठक संख्याः ८० मितिः २०८०।०५।१९

निर्णयहरू:

१. विगतमा कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गर्दै सेवा प्रवाहलाई व्यवस्थित र थप प्रभावकारी बनाउने ।

२. उत्तरगया क्षेत्र विकास कोष विधेयक २०८० स्वीकृत गर्ने र उक्त विधेयक वडाध्यक्ष श्री यमनाथ आचार्यले २०८० भाद्र २४ गतेको गाउँसभाको बैठकमा पेश गर्ने ।

३. अस्थायी, करार र सेवा करारमा कार्यरत कर्मचारीहरुलाई दिइने सेवा, सुविधा र सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक स्वीकृत गर्ने र उक्त विधेयक संस्थागत विकास तथा सुशासन समितिका संयोजक श्री राम बहादुर विश्वकर्माले २०[illegible] भाद्र २४ गतेको गाउँसभाको बैठकमा पेश गर्ने ।

४. उत्तरगया गाउँपालिका रोजगार संवाद मञ्च गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०८० स्वीकृत गर्ने ।

५. गाउँपालिकाले सूरु गर्न लागेको फिजियोथेरापी सेवाका लागि अर्को व्यवस्था नभएसम्मको लगि वडा नं ५ को बोगटीटार सामुदायिक स्वास्थ्य इकाई सञ्चालन भएको स्थानमा सञ्चालन गर्ने र सोको मर्मतसम्भार कार्यालयले गर्ने ।

६. गाउँपालिका कार्यालयले तयार गरेको वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने ।

७. संघीय सरकारसंगको साझेदारीमा सञ्चालित समपूरक अनुदान र विशेष अनुदानबाट यस आ व मा सञ्चलित हुने कार्यक्रमहरु दुई वर्षे भएकाले आगामी आ व २०८१।८२ का लागि सोही कार्यक्रमहरु निरन्तरताका लागि प्रस्ताव गर्दै समपूरक अनुदानका लागि वडा नं १ र वडा नं ४ कार्यालय भवन निर्माण र विशेष अनुदान कार्यक्रमका लागि भाङ्गे झरनाघलेढी र कमेरेगढी क्षेत्र विकास कार्यक्रम प्रस्ताव गर्न आवश्यक तयारी गर्ने।

८. वडा नं २ अन्तर्गत भाङ्गे झरनामा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित कार्यालयमा माग गर्ने ।

२०८०।०५।१९

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत